**OKHALDHUNGA : ओखलढुङ्गा**
[Yearly Peer Reviewed Journal]
ISSN: 3021-9965
Vol. 2, No. 3, May 2025
Published by Okhaldhunga Campus

# समसामयिक घटना शिक्षणमा सामाजिक अध्ययन शिक्षकको अवस्था

**तोयानाथ काफ्ले**

*Article History : Submitted 2 March. 2025; Reviewed 13 April 2025; Accepted 6 May 2025*
*Author :Toyanath Kafle Email: toyakafle27@gmail.com*
*DOI: https://doi.org/10.3126/oj.v2i3.80003*

**लेखसार**

*शिक्षण सिकाई प्रक्रियाका प्रमुख तीन तत्वहरू शिक्षक, सिकारु र सामाग्रीमध्ये सबैभन्दा महत्त्वपूर्ण भूमिका शिक्षक हुन्छ। निश्चय नै गुणस्तरीय एवं समाज उपयोगी शिक्षाका लागि विभिन्न तत्वहरूले महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछन् तर यस कार्यमा शिक्षकको कौशल दक्षता र चरित्रलाई पाठ्यक्रमको कुनै इकाईभित्र सीमित पार्न गाह्रो हुन्छ । त्यसैले यस्ता परिवर्तनलाई स्थान दिन सामाजिक विषयको पाठ्यक्रमभित्र 'समसामयिक मामिला अध्ययन' भनेर व्यवस्था गरिएको हुन्छ । यो लेख गुणात्मक ढाँचामा व्याख्यात्मक एवं विश्लेषणात्मक शैलीमा तयार पारिएको छ । ओखलढुंगा जिल्लाको सिद्धिचरण नगरपालिकामा रहेकोद १८ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये संम्भावनायुक्त नमुना छनोट विधिका आधारमा ४ वटा माध्यमिक विद्यालय र ती विद्यालयका प्रधानाध्यापक तथा सामाजिक शिक्षकहरूलाई नमुनाको रूपमा छनोट गरि गरिएको अध्ययनका आधारमा यो लेख तयार पारिएको छ । नमुना छनोट गरिएका विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूसँगको सहायताले तथ्याङ्क सङ्कलन गरिएको छ भने अवलोकन तथा अभिलेख वाट तथ्याङ्क लिइएको छ । त्यसैगरी विभिन्न अध्ययन प्रतिवेदन, लेख तथा पुस्तकहरूबाट द्वितीयक तथ्याङ्क प्रयोग गरिएकोछ । यसरी विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्कहरूको नतिजालाई वर्णनात्मक रूपमा विश्लेषण गरिएको छ । नतिजा विश्लेषण गर्ने क्रममा सामुदायिक र संस्थागत गरि ४वटा विद्यालयको सांकेतिकरण गरिएको छ । सामाजिक अध्ययनमा समसामयिक मामिलाको अध्ययापन गर्न शिक्षकले कसरी शिक्षण गराउने र कस्तो शैक्षिक सामाग्री प्रयोग गर्ने गराउने भन्ने सन्दर्भ लाइ यस लेखमा*

*प्रस्तुत गर्न खोजिएको छ । यस किसिमको विषयवस्तुले विद्यार्थीहरूको वैयक्तिक र सामाजिक दुवै प्रकारको जीवनमा सहयोग पुर्याउँछ । प्राथमिक तथ्याङ्कमा आधारित रहको यस लेखमा द्वितीयक तथ्याङ्कको पनि प्रयोग गरिएको छ । नमुना छनोट गरिएका विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूसँगको सहायताले तथ्याङ्क सङ्कलन गरिएको छ भने अवलोकन तथा अभिलेख वाट तथ्याङ्क लिइएको छ ।*

**शव्दावली :***सामाजिक अध्ययन, वर्तमान घटनाहरू, घटनात्मक दृष्टिकोण, समसामयिक घट्ना, अन्तर्वार्ता, सामुदायिक माध्यमिक विद्यालय, राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाहरू,नमुना छनौट अवलोकन*

## परिचय

तत्काल वा हालसालै वा दैनिक जसो घट्ने विभिन्न घटना, अवस्था र परिवर्तन नै समसामयिक घटना हुन् । यस्ता घटनाका कारणहरू धेरै हुन सक्छन् तर यसले प्रत्यक्षारूपमा मानिसको दैनिक जीवन, मानव सभ्यता, समाज र संस्कृति एवम् संस्कार र सोचमा परिवर्तन गराउछ । यसले गर्दा नया सोच र धारणाहरू विकसित हुदै जान्छन् र पुराना मान्यता र सोचलाई नयाँ मान्यता, सोच र विश्वासले प्रतिस्थापन गर्दै जान्छ । (शिक्षाक निर्देशिका कक्षा १०)

समाजशास्त्री जोन यू. मिखालिसले भनेका छन् कि सामाजिक अध्ययन मानव र उसको सामाजिक तथा भौतिक वातावरणसँगको अन्तरक्रिया तथा मानवीय सम्बन्धको व्याख्या गर्ने विषय हो । प्रसिद्ध विद्धान् एफ.जे. ईष्टभानले औल्याए अनुसार विद्यालयहरूमा पठनपाठन हेतु प्रयोग भए गरेका सामाजिक विज्ञानहरूको भागलाई नै साधारणतया सामाजिक अध्ययन भनिन्छ । त्यस्तै अर्का विद्धान् जे.एफ. फारेष्टरको परिभाषा यस्तो रहेको पाइन्छ “सामाजिक अध्ययन भन्ने नामले नै यो समाजको अध्ययन हो भनि बुझिन्छ र यसको प्रमुख उद्देश्य आफू बस्ने संसारको यथास्थिति र उत्पत्तिबारे बोध गर्न विद्यार्थीहरूलाई सहयोग पु-याउनु हो, जसले गर्दा उनीहरू उत्तरदायी नागरिक बन्न सकून् । त्यसैगरी डब्लु. एच. ग्रिफिनका अनुसार सामाजिक अध्ययन मानिस र उसको वातावरणबीचको सम्बन्धमा अध्ययन गर्ने विषय हो । यसले सामाजिक विज्ञानबाट विषयवस्तु ग्रहण गर्दछ तर एउटै सामाजिक विज्ञानले यसको प्रकृति निर्धारण गर्न सक्दैन । यसमा सामाजिक विज्ञानबाट प्राप्त विषयवस्तु विभिन्न तरिकाले संगठित गरिन्छ । घटना र मुद्दा दुई पृथक् अवधारणा हुन् । घटना तथ्यमा आधारित हुन्छन् । यसमा सामान्यत: परस्पर विरोधी विचार हरू रहँदैनन् । यसमा यथार्थ कुरा लाई हुबहु वा जस्ताको तस्तै प्रस्तुत गर्ने गरिन्छ । कुनै व्यक्तिको विचार , टिप्पणी वा अनुमानले यसमा स्थान पाउँदैन । तर त्यही घटना सम्बन्धमा सकारात्मक र नकारात्मक विचार, टीकाटिप्पणी, छलफल वा पक्ष-विपक्ष समूहमा विभाजित हुन्छन् भने त्यो मुद्दा वा सवालको रूपमा परिणत हुन्छ । उदाहरणका लागि; नेपालमा जेठ १४ गते संविधानसभाको विघटन हुनु घटना हो भने यो घटना किन घट्यो वा यसका कारक तत्वहरू के-के हुनसक्छन् ? यसले नेपाली राजनीतिमा के प्रभाव पार्न सक्ला जस्ता कुरा केलाउन थालेपछि यो मुद्दाको रूपमा परिणत हुन्छ । सामाजिक अध्ययनले सामाजिक जीवनका सबै पक्ष र विषयलाई समेटेको हुन्छ । प्रा. डा. कुसियैत, विनयकुमार (असार १, २०६९ शिक्षक मासिक)

प्रसिद्ध विद्वान् जोन जेरोलिमेक (John Jarolimek) भन्छन्, "समसामयिक मामिला अन्तर्गत घटना (Event) तथा मुद्दा (Issue) दुवै सम्मिलित हुन्छन् । यसभित्र दुवैलाई एकीकृत रूपमा राख्दा यसको क्षेत्र अझै व्यापक हुन्छ । समसामयिक घटना त्यो हो जो घटिसकेको हुन्छ । त्यस्तो घटना हाम्रा लागि महत्त्वपूर्ण वा महत्त्वहीन जे पनि हुनसक्छ ।"

समसामयिक मामिलाको अध्ययनले हाम्रो वैयक्तिक र सामाजिक दुवै प्रकारको जीवनमा सहयोग पुर्याउँछ । यसले सामाजिक र अन्तर्राष्ट्रिय सद्भावको विकास मा पनि टेवा पुर्याउँछ । स्थानीय वा राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाहरूको अध्ययनबाट एकअर्काप्रति प्रेम, सहयोग, सहानुभूति आदि भावनाको विकास गर्न र सम्भाव्य जोखिम वा खतराबाट जोगिन पनि मद्दत पुग्छ । अमेरिकाको आर्थिक मन्दीले त्यहाँका सँगै अन्य देशका बासिन्दालाई पनि प्रभाव पार्न सक्छ । त्यस्तै जापानमा आएको सुनामीले अन्य देशका मानिसहरूमा पनि सहानुभूति र सद्भाव उत्पन्न हुन्छ । यसले कुनै घटनाको प्रभाव विशेष ठाउँमा मात्र सीमित नभई चौतर्फी रूपमा फैलिन्छ भन्ने देखाउँछ । समसामयिक मामिलाको अध्ययनमा यस्ता विषयवस्तुहरूप्रति विशेष चासो राखिने गर्दछ । (कुसियैत, विनयकुमार) । यो लेख गुणात्मक ढाँचामा व्याख्यात्मक एवं विश्लेषणात्मक शैलीमा तयार पारिएको छ । प्राथमिक तथ्याङ्कमा आधारित रहको यस लेखमा द्वितीयक तथ्याङ्कको पनि प्रयोग गरिएको छ । नमुना छनोट गरिएका विद्यालयका प्रधानाध्यापक तथा शिक्षाकहरूसँगको सहायताले तथ्याङ्क सङ्कलन गरिएको छ भने अवलोकन तथा अभिलेख वाट तथ्याङ्क लिइएको छ । त्यसैगरी विभिन्न अध्ययन प्रतिवेदन, लेख तथा पुस्तकहरूबाट द्वितीयक तथ्याङ्क प्रयोग गरिएकोछ । यसरी विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्कहरूको नतिजालाई वर्णनात्मक रूपमा विश्लेषण गरिएको छ ।

**मुख्य अनुसन्धान प्रश्न**

क. माध्यमिक स्तरका सामाजिक अध्ययन शिक्षकहरूले आफ्नो कक्षामा वर्तमान घटनाहरू समावेश गर्दा उनीहरूको अनुभव र प्राथमिक रणनीतिहरू के हुन सक्छ ?

ख. शिक्षकहरूले आफ्नो कक्षामा वर्तमान घटनाहरू समावेश गर्न कुन रणनीतिहरू प्रयोग गर्छन ?

ग. शिक्षकहरूले वर्तमान घटनाहरू समावेश गर्दा सामना गर्ने चुनौतीहरू के हुन ?

घ. शिक्षकहरूले वर्तमान घटनाहरू सिकाउँदा आफ्ना विद्यार्थीहरूमा विकास गर्न चाहने सीपहरू के हुन ?

ङ. विश्वमा घटेका समसामयिक घटनाहरूले मानव जीवनमा कस्तो प्रभाव पर्न सक्तछ ?

**अनुसन्धानका उद्देश्य**

क. सामाजिक अध्ययनको समसामयिक विषयवस्तु शिक्षणमा शिक्षण सामाग्रीको अवस्था देखाउन ।

ख. सामाजिक अध्ययन शिक्षाकहरूले समसामयिक घट्ना शिक्षण गर्दा विद्यार्थीमा देखिएको प्रभाव विष्लेशण गर्न ।

ग. समसामयिक घटनाहरूको शिक्षण गर्दा विद्यालयमा भएको शैक्षिक अवस्था बारेमा जानकारी लिन ।

## अध्ययन विधि

यो लेख गुणात्मक ढाँचामा व्याख्यात्मक एवं विश्लेषणात्मक शैलीमा तयार पारिएको छ । ओखलढुंगा जिल्लाको सिद्धिचरण नगरपालिकामा रहेकोद १८ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये संम्भावनायुक्त नमुना छनोट विधिका आधारमा ४ वटा माध्यमिक विद्यालय र ती विद्यालयका प्रधानाध्यापक तथा सामाजिक शिक्षाकहरूलाई नमुनाको रूपमा छनोट गरि गरिएको अध्ययनका आधारमा यो लेख तयार पारिएको छ ।

प्राथमिक तथ्याङ्कमा आधारित रहको यस लेखमा द्वितीयक तथ्याङ्कको पनि प्रयोग गरिएको छ । नमुना छनोट गरिएका विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूसँगको सहायताले तथ्याङ्क सङ्कलन गरिएको छ भने अवलोकन तथा अभिलेख वाट तथ्याङ्क लिइएको छ ।

त्यसैगरी विभिन्न अध्ययन प्रतिवेदन, लेख तथा पुस्तकहरूबाट द्वितीयक तथ्याङ्क प्रयोग गरिएकोछ । यसरी विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्कहरूको नतिजालाई वर्णनात्मक रूपमा विश्लेषण गरिएको छ । नतिजा विश्लेषण गर्ने क्रममा नारायणस्थान मा.वि लाई १, कडेनी मा.वि लाई २, हिमालय मा.वि लाई ३ र जालपा मा.वि लाई ४ गरी विद्यालयको सांकेतिकरण गरिएको छ ।

## सम्वन्धित साहित्यको पुनरावलोकन

निरन्तर-परिवर्तन समाज वा संसारको स्वभाव हो । क्षण, दिन, महीना वा वर्षैपिच्छे हुने परिवर्तनलाई पाठ्यक्रमको कुनै इकाईभित्र सीमित पार्न गाह्रो हुन्छ । त्यसैले यस्ता परिवर्तनलाई स्थान दिन सामाजिक विषयको पाठ्यक्रमभित्र 'समसामयिक मामिला अध्ययन' भनेर विशेष व्यवस्था गरिएको हुन्छ ।⁄ प्रा. डा कुसियैत . २०६९ प्रसिद्ध विद्वान् जोन जेरोलिमेक (John Jarolimek) भन्छन्, "समसामयिक मामिला अन्तर्गत घटना (Event) तथा मुद्दा (Issue) दुवै सम्मिलित हुन्छन् । यसभित्र दुवैलाई एकीकृत रूपमा राख्दा यसको क्षेत्र अझै व्यापक हुन्छ । समसामयिक घटना त्यो हो जो घटिसकेको हुन्छ । त्यस्तो घटना हाम्रा लागि महत्त्वपूर्ण वा महत्त्वहीन जे पनि हुनसक्छ ।"

## समसामयिक मामिलाको शिक्षण किन ?

समसामयिक मामिलाको अध्ययनले हराम्रो वैयक्तिक र सामाजिक दुवै प्रकारको जीवनमा सहयोग पुर्याउँछ । यसले सामाजिक र अन्तर्राष्ट्रिय सद्भावको विकास मा पनि टेवा पुर्याउँछ । स्थानीय वा राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाहरूको अध्ययनबाट एकअर्काप्रति प्रेम, सहयोग, सहानुभूति आदि भावनाको विकास गर्न र सम्भाव्य जोखिम वा खतराबाट जोगिन पनि मद्दत पुग्छ । अमेरिकाको आर्थिक मन्दीले त्यहाँका सँगै अन्य देशका बासिन्दालाई पनि प्रभाव पार्न सक्छ । त्यस्तै जापानमा आएको सुनामीले अन्य देशका मानिसहरूमा पनि सहानुभूति र सद्भाव उत्पन्न हुन्छ । यसले कुनै घटनाको प्रभाव विशेष ठाउँमा मात्र सीमित नभई चौतर्फी रूपमा फैलिन्छ भन्ने देखाउँछ । समसामयिक मामिलाको अध्ययनमा यस्ता विषयवस्तुहरूप्रति विशेष चासो राखिने गर्द छ ।

निम्न कारणले गर्दा सामाजिक अध्ययन विषयको शिक्षण अन्तर्गत समसामयिक मामिलाको अध्ययन गर्नु जरुरी देखिन्छ:

- छात्रछात्राहरूमा सामान्य ज्ञान वृद्धि गर्न,
- मानिस तथा राष्ट्रबीचको सम्बन्धलाई बुझ्न तथा त्यसको मूल्याङ्कन गर्ने क्षमताको विकास गर्न,
- एकाअर्काप्रति सहिष्णुता एवं सद्भावना कायम राख्न,
- लोकतान्त्रिक आदर्श अनुरूपको उपयुक्त बानी, अभिरुचि तथा सीप विकास गर्न,
- विभिन्न विवादको समाधान तथा अशुद्धिलाई हटाउने क्षमताको विकास गर्न,
- छात्रछात्राहरूमा समालोचनात्मक निष्पक्षता जस्ता भावनाको विकास गर्न,
- पाठ्यपुस्तकको विषयवस्तुलाई आधुनिक तथा पूर्ण बनाउन,
- पाठ्यक्रमलाई समयसापेक्ष तथा सान्दर्भिक बनाउन,

**नतिजा विश्लेषण**

पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कुरा शिक्षण सिकाइ क्रियाकलापमा भर परेको हुन्छ । शिक्षण सिकाइ क्रियाकलापको व्यवस्थापन गर्नु एक जटिल कार्य हो । शिक्षणका क्रममा केही कुराहरूको व्यवस्थापनमा गर्न सकिएमा शिक्षण सिकाइ क्रियाकलाप प्रभावाकरी बन्न जान्छ । नमुना छनोट गरिएका सामुदायिक माध्यमिक विद्यालयहरूमा सामाजिकअध्ययन अन्तरगत समसामयिक घट्ना विषयवस्तुको शिक्षणको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ ।

**विषयगत जनशक्तिको अवस्था :**

शिक्षकलाई सिकारुको दोस्रो गुरुको रूपमा लिने गरिन्छ । विभिन्न परिवेशबाट आएका बालबालिकाहरूलाई शिक्षा/ज्ञान दिएर पूर्ण बनाउने काम शिक्षकले गरेको हुन्छ । शिक्षक जतिबढी विषयवस्तुमा दक्ष अनुभवी एवं तालिम प्राप्त हुन्छ त्यति नै सिकारुलाई बढी भन्दा बढी ज्ञान दिन सक्दछ । विद्यालयमा विषयवस्तुमा राम्रो ज्ञान भएको आधुनिक शिक्षण विधि एवं सामग्रीको प्रयोग गर्न जान्ने दक्ष शिक्षक उपलब्ध भएमा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बन्ने एवं शैक्षिक उपलब्धि बढी हुने विश्वास गरिन्छ । सामुदायिक विद्यालयमा सामाजिक अध्ययन विषय शिक्षण गर्ने जनशक्तिको अवस्था सम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ

***तालिका १ : विद्यालयमा उपलब्ध जनशक्तिको अवस्था***

| शिक्षकको विवरण | | सङ्ख्या |
|---|---|---|
| १. | न्यूनतम योग्यता मात्र भएका शिक्षक | २ |
| २. | माथिल्लो योग्यता भएका शिक्षक | २ |
| ३. | सामाजिक विज्ञान समुहबाट .विशिष्टिकरण गरेका शिक्षक | २ |
| ५. | अन्य बिषयबाट विशिष्टिकरण गरेका शिक्षक | ३ |
| | तालिम प्राप्त शिक्षक | २ |
| | तालिम अप्राप्त शिक्षक | २ |

तालिका अनुसार सामुदायिक माध्यमिक विद्यालयमा सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकहरूको योग्यता माध्यमिक तहको शिक्षक हुनको लागि आवश्यक पर्ने न्यूनतम योग्यता सबै शिक्षकहरूमा रहेको पाइन्छ भने २ जना शिक्षकको माथिल्लो योग्यता समेत रहेको पाइन्छ । त्यसैगरी १ जना शिक्षकले मात्र सामाजिक विज्ञान समुहबाट विशिष्टीकरण हासिल गरेको पाइन्छ भने ३ जना शिक्षकहरूको विशिष्टीकरण विषय सामाजिक समुह भन्दा बाहिरको रहेको पाइन्छ । त्यसैगरी २ जना सामाजिक शिक्षक तालिम प्राप्त भएको पाइन्छ भने २ जना सामाजिक शिक्षक तालिम अप्राप्त रहेको पाइन्छ । अध्ययनमा सहभागि ३ वटा विद्यालयका प्रधानाध्यापकहरूले पनि विद्यालयमा विषयगत र तालिमप्राप्त शिक्षकहरू उपलब्ध हुन नसकेको बताएका थिए । यसरी सामुदायिक माध्यमिक विद्यालयहरूमा सामाजिक अध्ययन विषय शिक्षण गर्नको लागि सामाजिक विज्ञान समुहबाट विशिष्टिकरण हासिल गरेका तथा तालिम प्राप्त बिषयगत शिक्षकहरू उपलब्ध हुनसकेको पाइँदैन ।

**शिक्षण सामग्री उपलब्धताको अवस्था :**

पाठ्यक्रमको कार्यान्वयन गर्ने थलो विद्यालय हो । त्यसको सफलता वा असफलता शिक्षण सिकाइ क्रियाकलापमा पनि भर परेको हुन्छ । अर्थात् पाठ्यक्रम जतिसुकै राम्रो भएतापनि त्यसको सफल कार्यान्वयन भएन भने पाठ्यक्रम नै असफल ठहरिन्छ । तसर्थ उपयुक्त विधि एवं सामग्रीको प्रयोग गर्नु अति आवश्यक हुन्छ । उपयुक्त विधि एवं सामग्रीको सहायताले गरिएको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी, दिगो एवं उपलब्धिपूर्ण हुन्छ । सामाजिक अध्ययन विषयमा समेटिएका समसामयिक विषयवस्तु तथा घट्नाहरूको वास्तविक ज्ञान, सीप र धारणा विद्यार्थीहरूलाई उपलब्ध गराउन शैक्षिक सामग्रीको प्रयोग अपरिहार्य मानिन्छ । विषयवस्तु अनुरूप उपयुक्त शिक्षण सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीमा पढाइप्रति ध्यान केन्द्रित हुने, बुझाइ दिगो हुने र नतिजा राम्रो आउने विश्वास गरिन्छ । सामाजिक अध्ययन भित्र समासामयिक घट्ना अध्ययन मा माध्यमिक तहको सामाजिक अध्ययन शिक्षण गर्दा आवश्यक पर्ने विभिन्न प्रकारका शिक्षण सामग्रीको विवरण सामाजिक अध्ययन शिक्षक निर्देशिकामा उल्लेख गरिएको

पाइन्छ । सोही निर्देशिकामा उल्लेखित शिक्षण सामग्रीहरूको विवरणको आधारमा तयार पारिएको रुजुसूची अनुसार सङ्कलन गरिएको शैक्षिक सामग्रीको उपलब्धता सम्बन्धि विवरणलाई तालिका ३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २ *:शैक्षिक सामाग्री विवरण***

| शैक्षणिक सामाग्री |
|---|
| पत्रपत्रिका म्यागाजिन |
| बुलेटिन बोर्ड समसामयिक गतिविधि झल्कने चित्र,फोटा |
| अडियो र भिडियोहरू रेडियो, टि.भि. |

तालिकामा दिइएअनुसार पाठ्यक्रम विकास केन्द्र ले समसामयिक घट्ना शिक्षणको लागि प्रयाप्तता हुने गरि शैक्षिक सामाग्रीको परिकल्पना गरिएको छ ।

**समसामयिक घट्ना शिक्षणमा प्र.अ. को धारणा :**

समसामयिक घट्ना शिक्षणमा विद्यालयका प्र अ.को भुमिका महत्त्वपुर्ण हुन्छ किन भने विद्यालयमा शैक्षिक सामाग्री व्यवस्थापन तथा प्रयोगको अवस्थाको अनुगमन र कक्षा अवलोकनमा समेत भुमिका रहन्छ । सामाजिक अध्ययन आजको विश्व परिवेशमा अति नै जरुरी विषय हो र यसलाई निरन्तर सामयिक बनाएर लैजानु जरुरी पनि छ । विद्यालयको शिक्षणलाइ प्रभावकारी वनाउन विद्यालय प्रशासकको भुमिका महत्त्वपुर्ण हुन्छ ।यहा सामाजिक अध्ययनको घटना शिक्षाणमा प्र अ हरूले खेल्नुभएको भुमिका तलिकामा देखाइएको छ ।

**तालिका नं ३ *सामाजिक अध्ययनको घटना शिक्षाणमा प्र अ को धारणा***

| सि नं | प्र अ को धारणा | उपलव्धी |
|---|---|---|
| १. | विषयवस्तुमा चासो | २ |
| २. | शैक्षिक सामाग्रीको अवस्था | ३ |
| ३. | सुचना प्रविधिको प्रयोग | २ |
| ४ | श्रोत व्यक्तिको आमन्त्रण | १ |
| ५. | विद्यार्थीको सकृयता | २ |
| ६ | पाठयक्रमको प्रयोग | ४ |

माथिको तालिकामा विद्यालयका प्रअ को समसामयिक विषवस्तु शिक्षाण मा देखिएको धारणालाइ देखाउन खोजिएको छ । विषयवस्तु शिक्षाण गर्दा दुइ जना प्र अ को चासो नै देखिएको छ ।शैक्षिक सामाग्री विद्यालयमा प्रर्याप्तता देखिदैन । सुचना प्रविधि को प्रयोगमा सतोषजनक देखिन्छ ।भने श्रोत व्यक्तिको उपयोगमा विद्यालयहरूमा कम उपयोग भएको देखिन्छ । शैक्षिक सामाग्री उपयोगमा विद्यार्थी सकृय भएको प्रअ हरूको भनाइ रहेको छ ।

**सामाजिक अध्ययनको समसामयिक घटना शिक्षाणमा शिक्षकको भूमिका :**

शिक्षण सिकाई प्रक्रियाका प्रमुख तीन तत्वहरू शिक्षक सिकारु र सामग्रीमध्ये सबैभन्दा महत्वपूर्ण भूमिका शिक्षककै हुन्छ। निश्चय नै गुणस्तरीय एवं समाज उपयोगी शिक्षाका लागि विभिन्न तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेल्न खेल्ने गर्दछन् तर यस कार्यमा शिक्षकको कौशल दक्षता र चरित्र सर्परी स्थानलाई कसैले नकार्न सक्दैन भवन पुस्तकालय आधुनिक उपकरण र सबै भौतिक साधनहरूले शिक्षाको विकासमा जति महत्त्वपूर्ण भूमिका खेले पनि योग्य शिक्षक अभावमा यी सबै निरर्थक हुन्छन् बाल मनोविज्ञान सिकाएका सिद्धान्तहरू शिक्षण विधि र प्रविधिहरू विभिन्न किसिमका शैक्षिक सामग्रीहरू शैक्षाणिक योजना र मूल्यांकनका साधनहरू इत्यादि सबैको प्रयोग र सञ्चालन गर्ने व्यक्ति शिक्षक नै हुन्छन् कुनै पनि शैक्षिक संस्थाको मान र ख्याति त्यहाँ काम गर्ने शिक्षकहरूमा नै निर्भर हुन्छ। शिक्षकलाई विद्यालयको हातमा भनिन्छ प्रस्तुता शिक्षक नै व्यक्ति समाज र राष्ट्रका निर्माता हुन्। डाक्टर राधाकृष्णले। समाजमा शिक्षकको अत्यन्त महत्त्वपूर्ण स्थान छ। एक पिढीबाट अर्को पिढीमा बौद्धिक परम्परा र प्रविधिको सिपको सञ्चारमा उनी धुरीको रूपमा काम गर्छन् र सभ्यताको प्रकाशलाई प्रज्वलित राख्न मद्दत गर्छन् उनी व्यक्तिलाई मात्र मार्गदर्शन गर्दैनन् राष्ट्रको भाग्यलाई पनि दिशा निर्देश गर्छन

समसामयिक मामिलाको अध्ययनले हाम्रो वैयक्तिक र सामाजिक दुवै प्रकारको जीवनमा सहयोग पुर्याउँछ । यसले सामाजिक र अन्तर्राष्ट्रिय सद्भावको विकास मा पनि टेवा पुर्याउँछ । स्थानीय वा राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाहरूको अध्ययनबाट एकअर्काप्रति प्रेम, सहयोग, सहानुभूति आदि भावनाको विकास गर्न र सम्भाव्य जोखिम वा खतराबाट जोगिन पनि मद्दत पुग्छ । अमेरिकाको आर्थिक मन्दीले त्यहाँका सँगै अन्य देशका बासिन्दालाई पनि प्रभाव पार्न सक्छ । त्यस्तै जापानमा आएको सुनामीले अन्य देशका मानिसहरूमा पनि सहानुभूति र सद्भाव उत्पन्न हुन्छ । यसले कुनै घटनाको प्रभाव विशेष ठाउँमा मात्र सीमित नभई चौतर्फी रूपमा फैलिन्छ भन्ने देखाउँछ । समसामयिक मामिलाको अध्ययनमा यस्ता विषयवस्तुहरूप्रति विशेष चासो राखिने गर्दछ ।

***तालिका नं ४: सामाजिक अध्ययनको घटना शिक्षणमा शिक्षक***

| सि नं | सामाजिक अध्ययनको घटना शिक्षाणमा शिक्षक | उपलव्धी /सहभागिता |
|---|---|---|
| १. | विषयवस्तुमा चासो | ३. |
| २. | शैक्षिक सामाग्रीको प्रयोग अवस्था | ३ |
| ३. | सुचना प्रविधिको प्रयोग | २ |
| ४. | श्रोत व्यक्तिको आमन्त्रण | १ |
| ५. | विद्यार्थीको सकृयता | ३ |
| ६. | पाठयक्रमको प्रयोग | ४ |

तालिका मा चार वटा विद्यालयका सामाजिक अध्ययन शिक्षकलाइ सोधिएका प्रश्नको आधारमा तयार पारिएको तालिका हो । जस्मा शिक्षकको सकृयतालाइ देखाउन खोजिएको छ । तालिकामा देखाइए अनुसार विषय वस्तुको चासो, शैक्षिक सामाग्री प्रयोग विद्यार्थीको सकृयता राम्रो देखिन्छ भने सुचाना प्रविधिको प्रयोमा न्युन सहभागिता देखिन्छ र श्रोत व्यक्तिको उपयोग भने झन कमजोर देखिएको छ।माथिको तालिकालाइ प्रतिसत तालिकामा देखाउदा निम्नानुसार देखाउन सकिन्छ ।

**तालिका ५: *सामाजिक अध्ययनको घटना शिक्षणमा शिक्षक सकृयता***

| सि नं | सामाजिक अध्ययनको घटना शिक्षणमा शिक्षक | उपलव्धी /सहभागिता प्रतिसतमा |
|---|---|---|
| १. | विषयवस्तुमा चासो | ७५% |
| २. | शैक्षिक सामाग्रीको प्रयोग अवस्था | ७५% |
| ३. | सुचना प्रविधिको प्रयोग | ५०% |
| ४. | श्रोत व्यक्तिको आमन्त्रण | २५% |
| ५. | विद्यार्थीको सकृयता | ७५% |
| ६. | पाठयक्रमको प्रयोग | १००% |

माथिको तालिकामा सामाजिक अध्ययनमा समसामयिक विषयवस्तु शिक्षण गर्ने शिक्षकको विभिन्न शिर्षकमा देखाउने चासोलाइ यहा प्रतिसतमा देखाइएको छ । विषयवस्तुको चासो शैक्षिक सामाग्री प्रयोगको अवस्था र विद्यार्थीको सकृयतामा ७५ प्रतिसत सामाजिक अध्ययनको शिक्षकको चासो देखिन्छ भने सुचना प्रविधिको प्रयोगमा ५० प्रतिसतको मात्र भासो देखिन्छ । पाठ्यक्रमको प्रयोगमा सवै शिक्षकहरूको चासो देखिन्छ । शैक्षिक उपलब्धिको अवस्था शिक्षण सिकाइ क्रियाकलापको प्रभावकारिता नतिजामा भर पर्दछ । अथवा शिक्षण सिकाइ क्रियाकलापको सफलता वा असफलता जाच्ने कडि मध्य एउटा महत्त्वपुण कडि

शैक्षिक उपलव्धि हो । नमुना छनौट गरिएका विद्यालयहरूको विसं २०७८,२०७९र २०८० को जम्मा तिन वर्षको एस इ इ परिक्षाको प्राप्ताङकलाइ तलको तालिकामा देखाइएको छ ।

***तालिका नं ६ अनिवार्य विषयमा विद्यार्थीहरूको औषत प्राप्ताङ्क***

| विद्यार्थीको औषत उपलव्धि प्राप्ताङक | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विषय | वि.स.२०७८ | | | | वि.स.२०७९ | | | | वि.स.२०८० | | | |
| | विद्यालय संकेत | | | | विद्यालय संकेत | | | | विद्यालय संकेत | | | |
| | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| नेपाली | ५८.२४ | ५५.५२ | ५७.५१ | ५३.१८ | ५५.४१ | ५४.२७ | ५७.१५ | ५५.६२ | ५९.२४ | ५६.२५ | ५८.५१ | ५६.६१ |
| गणित | ५५..८१ | ४८.८९ | ५४.६९ | ५६.९२ | ५६.०८ | ५४.८१ | ५५.५४ | ५४.६९ | ५४.२४ | ५५.४५ | ५५.४३ | ५५.२९ |
| अंग्रेजी | ५७.५४ | ५४.६५ | ५६.२४ | ५५.४३ | ५३.५२ | ६०.२४ | ५४.३४ | ६६.४५ | ५७.६५ | ५६.६७ | ५५.५ | ५१.१८ |
| विज्ञान | ५४.२५ | ५५.५५ | ५६.५१ | ५७.५५ | ५७.२८ | ६३.१५ | ६५.६२ | ५६.२४ | ५७.४२ | ५०.३५ | ४५.६३ | ४४.२१ |
| सामाजिक | ४८.६४ | ५०.५५ | ४९.४५ | ५९.५२ | ५९.६२ | ५५.२५ | ५८.३५ | ५९.४७ | ६२.१५ | ६३.०० | ६५.५५ | ६९.७८ |

श्रोत: विद्यालयको अभिलेख ।

माथिको तालिकामा एस इ इ परिक्षामा अनिवार्य विषयमा विद्यार्थीहरूको औषत प्राप्ताङ्क देखाइएको छ जसमा वि. स. २०७८, २०७९र २०८० को एस इ इ को परिक्षामा विद्यार्थीहरूले अनिवार्य विषयमा प्राप्त गरेका अंकहरूलाइ तुलना गरेर देखाउन खोजिएको छ । सामाजिक अध्ययन विषयको अन्य विषयको तुलनामा पछिल्लो वर्षको नतिजामा उल्लेख्य सुधार भएको देखिन्छ ।

**निष्कर्ष**

सामुदायिक माध्यमिक विद्यालयमा सामजिक अध्ययन शिक्षणको अवस्था पत्ता लगाउने उद्देश्यले ४ वटा सामुदायिक माध्यमिक विद्यालय र ती विद्यालयका प्रधानाध्यापक र सामाजिक शिक्षकहरूलाई नमुनाको रूपमा छनोट गरी तथा विद्यालयको अभिलेख अध्ययनको आधारमा तयार पारिएको यस लेखमा माध्यमिक तहमा सामाजिक अध्ययन शिक्षणको अवस्थालाइ देखाउने प्रयास गरिएको छ र निश्कर्ष निकालिएको छ । सामुदायिक माध्यमिक विद्यालयहरूमा सामाजिक अध्ययन विषय शिक्षण गर्नको लागि सामाजिक विज्ञान शिक्षामा विशिष्टिकरण हासिल गरेका विषयगत शिक्षकहरू प्रयाप्त उपलब्ध भएको पाइँदैन ।त्यसैगरी सामाजिक अध्ययन विषय शिक्षण गर्दा आवश्यक पर्ने शैक्षिक सामग्रीहरू पनि विद्यालयमा पर्याप्त मात्रा उपलब्ध नभएका र उपलब्ध भएका कतिपय शिक्षण सामग्रीहरूको भौतिक अवस्था अत्यन्त नाजुक र प्रयोगमा ल्याउन नसकिने अवस्थामा रहेको पाइन्छ । त्यसैगरी अन्य अनिवार्य विषयको तुलनामा सामाजिक अध्ययन विषयको औसत प्राप्ताङ्क कम आउने गरेको पाइन्छ । त्यसरी विद्यार्थीको नतिजा र शैक्षिक उपलब्धि स्तरमा कम हुनुका विभिन्न कारणहरूमध्ये एउटा कारण विद्यालयमा

बिषयगत सामाजिक शिक्षक उपलब्ध नहुनु पनि एउटा कारण रहेको भनाई सरोकारवालाहरू पनि रहेको हुदाँ विद्यालयहरूमा सामाजिक शिक्षक नियुक्त गर्दा सामाजिक विज्ञान समुहबाट विशिष्टिकरण हासिल गरेको हुनुपर्ने नीतिगत व्यवस्था भएमा सामाजिक अध्ययन बिषयको शिक्षण प्रभावकारी र नतिजामा सुधार आउन सक्ने देखिन्छ । सामुदायिक विद्यालयमा सुचना प्रविधि सम्वन्धिको पहुच अनिवार्य देखिन्छ । सामाजिक अध्ययन अध्यापन गराउदा भरसक एक भन्दा वढि शिक्षक जो सामाजिक विज्ञानमा विशिष्टिकरण हासिल गरेका शिक्षकले नै शिक्षण गर्दा र श्रोत शिक्षक व्यवस्था भएमा प्रभावकारी हुन्छ । शिक्षण सामाग्रीको व्यवस्था गरिनु पर्दछ । सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकले सधै समसामयिक विषयवस्तु अभ्ययनमा चनाखो वन्नु पर्दछ । यस विषयको शिक्षक कम्युटर तथा सुचना प्रविधिमा जानकार हुनुपर्दछ ।.राज्यले समय समयमा सामाजिक अध्ययन शिक्षकलाइ पुनर्ताजगी तालिमको व्यवस्था गरिनुपर्दछ ।

**सन्दर्भ सामग्री**

कैयुम, अव्दुल (२०७२), *सामाजिक अध्ययन शिक्षण,* काठमाण्डौ प्रशान्ति प्रकाशन ।

खनाल, पेशल (२०७२) *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौ:सनलाइट पव्लिकेशन प्रा लि ।

नेपाल सरकार, (२०६५) *शिक्षक निर्देशिका सामाजिक अध्ययन कक्षा ९र १०:*पाठ्क्रम विकास केन्द्र ।

पनेरु,दानवहादुर (२०६५) *माध्यमिक तहको सामाजिक अध्ययन शिक्षणमा शिक्षण सामाग्री उपलव्धता र प्रयोगको अवस्था* : शोधपत्र किर्तिपुर ।

पाण्डे, रामकुमार (२०६३) *सामाजिक शिक्षा सिद्धान्त र शिक्षण,* रत्नपुस्तक भण्डार ।

प्रा. डा. कुसियैत, विनयकुमार (असार १, २०६९ ) *शिक्षक मासिक*) ।

सिंह, गणेश वहादुर (२०७५) *कक्षा शिक्षण:*जुपिटर प्रिन्टिङ एण्ड पव्लिसिङ् प्रा लि ।

सिग्देल,तेजप्रसाद (सन् २०१९), *माध्यमिक तहमा सामाजिक अध्ययन शिक्षणको अवस्था,*

श्रेष्ठ,चन्द्रवहादुर र बस्नेत, सम्झना (२०७३), *शैक्षणिक पद्धति*: भुडिपुराण प्रकाशन ।

श्रेष्ठ,चन्द्रवहादुर र महेन्द्र वस्नेत समेत (२०७५) *कक्षा कोठामा शिक्षण,* भुडिपुराण प्रकाशन ।

Dhakal, keshab Raj,2021,*Interdisciplinary Research in Education* ,Volume 6, Issue 2, page 89 -97

Shah, Rajendra Kumar, (2023) Revisiting Basic School Social Studies and Human Value Education Curriculum in Nepal *AMC Journal,* Volume 4,

*Interdisciplinary Research in Education,* Volume 4, Issue 2,page 208-213Number 1